# बेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बेसीशहर, लमजुङ
## गण्डकी प्रदेश, नेपाल

**कृषि अनुदानको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना !**

*प्रथम पटक प्रकाशित मितिः २०८२/०५/०८ गते*

बेसीशहर नगरपालिका कृषि विकास शाखाको आ.व. २०८२/८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपशिलमा उल्लेखित अनुदानका कार्यक्रमहरु सञ्चालन गरिने भएकोले बेसीशहर नगरपालिका भित्रका इच्छुक कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारीहरुले यो सूचना प्रकाशन भएको मितिले ३० दिन (मिति २०८२/०६/०७ गते) भित्र यस कार्यालयको कृषि विकास शाखामा कार्यालय समय भित्र दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपशिलः

| क्र.सं. | कार्यक्रमको नाम | इकाई | लक्ष्य | वजेट रकम रु. (हजारमा) | अनुदान सहयोग |
|---|---|---|---|---|---|
| १. | मिनिटिलर वितरण कार्यक्रम | पटक | १ | ३००० | ५० प्रतिशत |
| २. | Multicrop Thresher मेशिन | संख्या | ५ | १२० | ५० प्रतिशत |
| ३. | सिलपोलिन प्लाष्टिक, मल्चिङ प्लाष्टिक र स्प्रेयर वितरण | पटक | १ | २०० | ५० प्रतिशत |
| ४. | मागमा आधारित साना कृषि औजार/उपकरण वितरण | पटक | १ | १५० | ५० प्रतिशत |

**आवेदनसाथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**

१. आवेदन माग निवेदन ।
२. निवेदकको नागरिकताको प्रतिलिपि ।
३. सम्बन्धित वडा कार्यालयको सिफारिस ।
४. गत वर्ष नगरपालिका, वडा कार्यालय र अन्य संघ संस्थाबाट कृषि सम्बन्धी कार्यक्रम प्राप्त गरेको भए सोको विवरण उल्लेख गर्नुपर्नेछ ।

*नोटः गत आ.व. मा अनुदान प्राप्त नगरेका कृषकहरुलाई प्राथमिकता दिइनेछ ।*

थप जानकारीका लागि बेसीशहर नगरपालिका कृषि विकास शाखामा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ।

ममता अधिकारी
शाखा प्रमुख

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत